पञ्चेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : २०७६/७७
च.न. : ३९३

मिति : २०७६/०९/०९

**विषय : IEMIS अपडेट सम्बन्धमा ।**

श्री पञ्चेश्वर गाउँपालिकाका
सम्पूर्ण विद्यालयहरू ।

प्रस्तुत विषय सम्बन्धमा यस पञ्चेश्वर गाउँपालिका भित्रका विद्यालयहरूमा IEMIS तथ्याङ्क र Student Tracking अपडेट र अपलोड गर्न बाँकी रहेका विद्यालयहरूले पौष मसान्त भित्र अनिवार्य रुपमा IEMIS अपडेट गरी अपलोड गर्नहुन अनुरोध छ ।

.....................
शिवराज कुलौनी
शिक्षा शाखा प्रमुख

बोधार्थ :

श्री सूचना प्रविधी शाखा
वेबसाइटमा सूचना अपलोड गरिदिन हुन ।

पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

पञ्चेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आम्चौरा, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

मिति : २०७६/०८

च.न. : ३११

मिति : २०७६/०८/०८

**विषय : विवरण पठाईदिने बारे ।**

**श्री पञ्चेश्वर गा.पा. स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरू ।**

प्रस्तुत विषय सम्बन्धमा यस पञ्चेश्वर गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा हाल कार्यरत शिक्षक कर्मचारीहरुको विवरण (सफ्टकपी र हार्डकपी) तपसील बमोजिमको ढाँचामा पठाइदिन हुन अनुरोध छ ।

| क्र.सं. | शिक्षक/ कर्मचारीको नाम, थर | पद | तह | श्रेणी | ग्रेड संख्या | नियुक्ति मिति | जन्म मिति | दरबन्दीको प्रकार स्थायी/अस्थायी/राहत/बालविकास/करार/निजी | कैं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

शिवराज कलौनी
शिक्षा शाखा प्रमुख

बोधार्थ :

श्री सूचना प्रविधी शाखा
वेबसाइटमा सूचना अपलोड गरिदिन हुन ।

पञ्चेश्वर गाउँपालिका

पञ्चेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : २०७६/७७

मिति : २०७६/०८/०८

च.न. २९२

**विषय : विज्ञ सूचिका लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषय सम्बन्धमा पञ्चेश्वर गा. पा. अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा करार सेवामा शिक्षक नियुक्ति गर्न गठन गरिने शिक्षक छनोट समिति मा विषय विशेषज्ञको रुपमा रही काम गर्न चाहने पञ्चेश्वर गाउँपालिकाका विभिन्न विद्यालयहरुमा कार्यरत देहायको योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरुले तपसील अनुसारका कागजातहरू संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

*नोटः निवेदनमा सम्पर्क नं. अनिवार्य रुपमा उल्लेख गरिदिन हुन अनुरोध छ ।*

**तपसील**

१. माध्यमिक तहको हकमा शिक्षा शास्त्रमा स्नातकोत्तर तथा आधारभूत तहको लागि कम्तीमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने छ ।

२. विशेषज्ञ हुन चाहेको तह र विषयमा स्थायी नियुक्ति पाई एक वर्षको सेवा अवधी पूरा भई अविच्छिन्न रुपमा कार्यरत भएको हुनुपर्ने छ ।

३. जुन तह र विषयको लागि विशेषज्ञ हुन चाहेको हो सो कुरा निवेदन मा उल्लेख गर्नपर्ने छ ।

**आवश्यक कागजातहरू**

क) शैक्षिक योग्यताका सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

ग) स्थायी नियुक्तिको प्रमाणित प्रतिलिपि ।

घ) नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

ङ) पञ्चेश्वर गा.पा.को नबिल बैङ्कमा रहेको मूल खाता नं. ७६०१०१७५०००0४ मा रु. १००० ।०० अक्षरेपी एक हजार मात्र जम्मा गरेको सक्कलै भौचर ।

...................

शिवराज कलौनी

शिक्षा शाखा प्रमुख

बोधार्थ :

श्री सूचना प्रविधी शाखा

वेबसाइटमा सूचना अपलोड गरिदिन हुन ।